# १४. श्री डायमनशमशेर राणा

*[संवत् २०५८ साल आश्विन २२ गते रोज ३ का दिन आयोजित समारोहमा "विगत आधा शताब्दीदेखि नेपाली साहित्यको आराधनामा संलग्न भई गद्याख्यानद्वारा उल्लेखनीय योगदान गरेबापत" प्रदान गरिएको संवत् २०५८ सालको पुरस्कार 'जगदम्बा-श्री' ग्रहण गरेपछि श्री डायमनशमशेर राणाले व्यक्त गर्नुभएको उद्गार। यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १७२ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, श्री राणाको आँखाको कमजोरीको कारण उहाँको अनुरोधमा यो उद्गार गुठीका कार्यालय सचिवले पढेर सुनाउनुभएको थियो। (हेर्नू. 'नेपाली' अङ्क १७२, पृष्ठ २८)]*

मदन पुरस्कार गुठीका अध्यक्षज्यू, गुठी परिवार, हरिराम जोशीज्यू, उपस्थित महिला तथा सज्जनवृन्द !

२०५८ सालको पुरस्कार 'जगदम्बा-श्री' मलाई प्रदान गरिने भन्ने सूचना पाउँदा मलाई अत्यन्त ठूलो प्रसन्नता भयो। नेपाली साहित्यमा धेरै ऐतिहासिक उपन्यास लेखेको भनेर धेरै थरी संघ-संस्थाहरूले मलाई सम्मान गर्ने, अभिनन्दन गर्ने र पुरस्कार दिने काम गर्दै आएका छन् यता केही वर्षदेखि। तर आज 'जगदम्बा-श्री' जस्तो गरिमामय पुरस्कार पाउँदा मैले धेरै नै गौरवबोध गरेको छु।

जसको नामबाट यो गुठीको स्थापना भएको छ- लेफ्टिनेन्ट जनरल मदनशमशेर ज.ब.राणा उहाँ मेरो बालसङ्गाती हुनुहुन्थ्यो। उहाँ दस वर्षका उमेरदेखि पुल्चोकमा आएर बसेपछि मेरो छिमेकीजस्तै हुनुभयो। त्यसपछि हामी रोजैजस्तो भेट हुने साथीसाथी भएका थियौं। धेरै ओटा आउटडोर खेलमा हामी सहभागी हुने गर्थ्यौं। तर क्रिकेट खेलमा चाहिँ हामीहरू निकै घनिष्ट भयौं; किनभने, यस खेलमा हामी दुवैजना खूबै भिजेका थियौं। मदनशमशेरलाई क्रिकेट खेलको 'जनक' नै मानिन्छ नेपालमा। मदनशमशेरको स्मृतिमा स्थापित गुठीबाट म पुरस्कृत हुनु त्यसै हुँदा एउटा ऐतिहासिक परिवन्द नै हो भन्ने मैले सम्झेको छु। अतःएव गुठीका पदाधिकारीहरूबाट अनुगृहित छु। मेरो गुठीलाई र त्यसमार्फत् स्वर्गीय जनरलसाहेबप्रति शतशः धन्यबाद छ।

सम्माननीया रानी जगदम्बालाई म नेपालको एउटा विभूति मान्छु। उहाँ महान् नारीरत्न हुनुहुन्थ्यो र नेपाली भाषाको अनन्य सेवक। उहाँप्रति सदैव श्रद्धावनत रहेको छु। त्यस्तो महान् व्यक्तिका नाममा राखिएको पुरस्कार, 'जगदम्बा-श्री'द्वारा विभूषित हुन पाएर म गौरवान्वित भएको छु। यो सुयोग पाउँदा मैले आफूलाई भाग्यशाली, यशःशाली ठानेको छु। मलाई यत्रो सम्मान दिलाउनेहरू सबैमा मेरो सधन्यवाद प्रणाम छ।

मदन पुरस्कार गुठीसँग सम्बन्धित दीक्षित परिवारसँग पनि म पचास वर्ष पहिलेदेखि सम्बन्धित रही कृतज्ञ रहँदै आएको छु। मेरो पहिलो किताप 'वसन्ती' छापिएपछि म राणा परिवारबाट अपहेलित हुन थालें। राणा परिवारका पृष्ठपोषक 'दुनियाँदार' भाइभारदारहरूबाट पनि म दुरदुर हुँदै गएँ। त्यस्तो अवस्थामा पनि ममाथि सहानुभूति राख्ने र गोप्यरूपले हौसला अनि प्रोत्साहन दिने एकै जना हुनुहुन्थ्यो-सरदार राममणि आ.दी.।

सरदारबाजेका छोरा केदारमणिजीसँग त श्रीदरबारमा क्रिकेट खेल्दा म धेरै निकट भएँ। मदनशमशेरसँग मेरो सम्बन्ध सुमधुर रहिरहोस् भन्ने हितैषीमध्येका एक हुनुहुन्थ्यो केदारबाजे। मैले उहाँको गुन कैले बिर्सेको छैन। केदारबाजेका छोरा कमलजीचाहिँ मेरो भाइजस्तो हुनुहुन्थ्यो। पन्ध्र-सोह्र वर्षसम्म मेरो र उहाँका परिवार परखाल जोडिएका छिमेकी थियौं, झन्डै एउटै जहान जस्तो। मेरो मुमा र कमलजीको मुमा दुई जना आफ्नो दुःखसुख बाँड्ने, मनका कुरा पोख्ने साथीसाथी जस्ता हुनुहुन्थ्यो। कमलजी पनि हाम्रो घरमा आउजाऊ गर्ने सानो भाइसरह हुनुहुन्थ्यो। ऐले उहाँ मदन पुरस्कार गुठीको अध्यक्षजस्तो गरिमामय पदमा पुग्नुभएको छ। कमलमणिजीको यो उन्नति मैल प्रसन्नचित्त भएर नियालिरहेको छु। म उहाँको अझ उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

अन्त्यमा, आज मदन पुरस्कार प्राप्त गर्ने विद्वान् हरिराम जोशीज्यूमा हार्दिक बधाई ज्ञापन गर्दै उपस्थित सबैलाई धन्यवाद अर्पण गर्दछु।

☒ ☒ ☒